# REGIONAL NEWS UNIT

# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 08.11.2024**

- **Governor Namchi Visit**

राज्यपाल श्री ओमप्रकाश माथुर दुई दिनको भ्रमणका निम्ति आज नाम्ची जिल्ला पुग्नुभयो। यस क्रममा राज्यपालले नाम्ची जिल्ला प्रशासनिक केन्द्रमा विभिन्न महत्त्वपूर्ण विभागका प्रमुखहरूलाई लिएर बसेको बैठकमा भाग लिँदै विभिन्न योजनाहरूको कार्यान्वयनको बारेमा जानकारी लिनुभयो।

यसअघि राज्यपाललाई नाम्ची जिल्ला प्रशासनिक केन्द्रमा नाम्ची-सिङ्गीथाङका क्षेत्र विधायक श्री सतिश चन्द्र राई, जिल्ला अध्यक्ष सुश्री अञ्जीता राजालिम, नाम्ची नगर परिषद्का अध्यक्ष श्री गणेश राई, जिल्लाधीश सुश्री अनुपा तामलिङ र वरिष्ठ पुलिस अधीक्षक डाक्टर TN ग्याछोले स्वागत जनाउनुभयो।

बैठकमा राज्यपालले महिला सशक्तिकरणको दिशामा उठाइएका पहल, कुपोषणसित लड्ने उपायको सराहना गर्दै आँगनवाडी केन्द्रहरूमा गएर नानीहरूसित भोजन गर्ने सुझाउहरू दिनुभयो। उहाँले जन औषधि केन्द्रहरूको संख्यामा वृद्धि गर्नका साथै यस दिशामा तीव्र गतिमा काम गरिनुपर्ने कुरामाथि जोड़ दिनुभयो।

राज्यपालले राज्यमा बढ्दो आत्महत्या र ड्रग्स मामिलामाथि चिन्ता व्यक्त गर्दै स्वास्थ्य विभागका अधिकारीहरूलाई यसको कारण र निवारणको दिशामा गम्भीरतापूर्वक कार्य गर्न प्रोत्साहित गर्नुभयो। उहाँले प्रधानमन्त्री ग्रामीण सडक योजना, आवास योजना आदि जस्ता योजनाहरूको बारेमा पनि जानकारी लिनुभयो।

--------------------------------------X--------------------------------------

- **President**

राष्ट्रपति श्रीमती द्रौपदी मूर्मुले भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको सरकारको नीतिले भ्रष्टाचारलाई जरैबाट निर्मुल पार्ने कुरामाथि विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, भारतीय समाजमा इमानदारी र अनुशासनलाई जीवनको आदर्श मानिन्छ। राष्ट्रपति आज नयाँ दिल्लीमा केन्द्रिय सतर्कता आयोग (CVC)-को सतर्कता जागरुकता सप्ताह समारोहलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो।

राष्ट्रपति श्रीमती मूर्मुले भ्रष्टाचार एउटा यस्तो रोग हो, जसलाई जरैबाट निर्मुल पार्नुपर्छ भन्दै सरकारले भ्रष्टाचार नियन्त्रणका लागि विभिन्न पहल गरेको बताउनुभयो। यी मध्ये केही पहलहरूको उल्लेख गर्दै उहाँले प्रत्यक्ष लाभ हस्तान्तरण योजना, E-मार्केटप्लेस र आर्थिक अपराधी ऐनको उदाहरण दिनुभयो।

--------------------------------------X--------------------------------------

- **Karmayogi Saptah**

सरकारले आज भनेको छ, राष्ट्रिय शिक्षण सप्ताह पहल, कर्मयोगीले अड्तीस लाख घण्टाभन्दा अधिकको परिवर्तनकारी प्रशिक्षण अभियान चलाएर अभूतपूर्व प्रभाव प्राप्त गरेको छ। कार्मिक, जन गुनासो र पेन्शन मन्त्रालयले एउटा बयानमा भनेको छ, उन्नाइसदेखि सत्ताइस अक्टोबरसम्म पालन गरिएको शिक्षण सप्ताहअन्तर्गत पैंतालीस लाखभन्दा अधिक पाठ्यक्रम शामेल गरियो। राष्ट्रिय शिक्षण सप्ताह अवधि औसतमा दैनिक पाठ्यक्रम पूरा गर्नेहरूको संख्या सहप्ता दिनअघिको चालीस हजारबाट बढ़ेर तीन लाख पचपन हजार भयो। चार लाख तीस हजार प्रतिभागिहरूले सिक्नका लागि कम्तिमा चार घण्टा समर्पित गरे। धेरै वरिष्ठ अधिकारिहरूसहित समूह क-का लगभग सैंतीस हजार अधिकारिहरूले व्यवसायिक विकासलाई प्राथमिकता दिए।

---------------------------------------X---------------------------------------

- **DLCC Meeting**

गेजिङका अतिरिक्त जिल्लाधीश श्री सुरेश राईको अध्यक्षतामा आज गेजिङका निम्ति जिल्ला स्तरीय परामर्श समितिको बैठक बस्यो। बैठकमा मुख्य कार्यसूचीको समीक्षा गर्नका साथै यसअघिको बैठकमा राखिएको लक्ष्यको आधारमा भएको प्रगतीको मुल्याङ्कन गरियो।
गेजिङ-ओमचुङ ग्राम पञ्चायत एकाईका जिल्ला पञ्चायत सदस्य श्री सागर शर्माको विशेष उपस्थिति रहेको बैठकमा जिल्लामा ब्याङ्कहरूको समग्र प्रदर्शनको समीक्षामाथि ध्यान केन्द्रित गरियो, जसमा ऋण जमा अनुपात, प्राथमिकता र गैर-प्राथमिकता भएका क्षेत्रको उपलब्धी, MSME क्षेत्र र प्रधानमन्त्री रोजगार सृजना कार्यक्रम (PMEGP) जस्ता सरकारद्वारा प्रायोजित योजनामाथि विशेष जोड़ दिइयो। यस अतिरिक्त अन्य विभिन्न विषयमा पनि बैठकमा चर्चा भयो।

---------------------------------------X---------------------------------------

- **Commercial Court Bill**

सरकारले वाणिज्यिक न्यायालय संशोधन विधेयक 2024-का लागि मानिसहरूबाट सुझाउ र प्रतिक्रिया मागेको छ। कानून तथा न्याय मन्त्रालयले विद्यमान वाणिज्यिक न्यायालय ऐन, 2015-मा संशोधनमाथि विचार गरिरहेछ। यो ऐन वाणिज्यिक मामिलालाई शीघ्र, कुशलतापूर्वक र उचित लागतमा समाधान सुनिश्चित गर्न बनाइएको थियो। विद्यमान विधेयकमाथि विचार बाहिस नोभेम्बरसम्ममा ndiac-dla@gov.in मा E-मेलको माध्यमबाट पठाउन सकिनेछ।

---------------------------------------X---------------------------------------

- **Governor’s Gold Cup**

यहाँको पाल्जोर स्टेडियममा आजदेखि चालीसौं अखिल भारत राज्यपाल स्वर्ण कप अन्तरराष्ट्रिय फुटबल प्रतियोगिता २०२४-को शुरूवात भयो। उदघाटनीय प्रतियोगिताका मुख्य अतिथि खेलकुद एवं युवा मामिला विभाग मन्त्री श्री राजु बस्नेतले पन्द्र दिन लामो यो प्रतियोगिता शुभारम्भ भएको घोषणा गर्नुभयो। मन्त्री बस्नेतले चार वर्ष लामो बिरामपछि पुनः शुरू भएको यस प्रतियोगितालाई भव्य रूपमा आयोजन गरेकोमा सिक्किम फुटबल संगठनप्रति आभार व्यक्त गर्नुभयो। उहाँले फुटबल प्रेमी लगायत सबै मानिसहरूसित प्रतियोगिताको आनन्द लिँदै आफ्नो टोली र खेलाड़ीलाई समर्थन जनाउने अपील गर्नुभएको छ।

आज भएको उदघाटनीय खेलमा सञ्जय राईको तीन गोलसहित पाँच गोल गरेर सिक्किम पुलिसले कालिघाट MS कलकत्तामाथि जित दर्ता गरेको छ। यो जितसितै सिक्किम पुलिस प्रतियोगिताको pre quarter-final-मा प्रवेश गर्न सफल बनेको छ।
भोली हुने खेलमा GTA एकादश दार्जीलिङको भिड़न्त गान्तोक हिमालयन Sporting Club-सित हुनेछ।
सिक्किम फुटबल संगठनले आयोजना गरेको यस प्रतियोगितामा कुल सोल्हवटा दलले भाग लिएका छन्। राज्यकै वार्षिक रूपमा खेलिने प्रतिष्ठित अनि प्रख्यात फुटबल प्रतियोगिता अन्तिमपल्ट 2019-मा खेलाइएको थियो।

----------------------------------------X----------------------------------------